# जोरायल गाउँपालिका उपाध्यक्ष

# श्री जमुना कुमारी बोहरा ज्यू ले

# जोरायल गाउँसभाको २३ औं अधिवेशनको पहिलो बैठकमा

# प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३/०८४ को

# बजेट बक्तव्य

## जोरायल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रावतकट्टे, डोटी

मिति २०८३ असार १० गते बुधबार

**सभा अध्यक्ष महोदय,**
**तथा सभाका आदरणीय सदस्य ज्यूहरू,**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) बमोजिम यस गरिमामय जोरायल गाउँसभाको २३ औं अधिवेशनको पहिलो बैठकमा, जोरायल गाउँपालिकाको उपाध्यक्षको हैसियतले, आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न पाउँदा मैले आफूलाई सुभाग्याशाली र गौरवान्वित महसुस गरेकी छु।

यस ऐतिहासिक घडीमा, नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र लोकतन्त्रको सुदृढीकरणका लागि भएका विभिन्न गौरवपूर्ण आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान् ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। साथै, आन्दोलनका क्रममा घाइते, अपाङ्ग हुनुभएका वीर योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध जोरायल गाउँपालिका निर्माण गर्ने हाम्रो दृढ सङ्कल्प, समस्त जोरायलवासी आम नागरिकको विकास र समृद्धिको तीव्र चाहना एवं हामीले निर्वाचनका क्रममा आदरणीय मतदाताहरू समक्ष व्यक्त गरेका प्रतिबद्धताहरूलाई पूर्ण रूपमा साकार पार्ने दिशामा नै हामीले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटलाई केन्द्रित र अभिमुख गरेका छौं।

**सभा अध्यक्ष महोदय,**

अब म यस गरिमामय सभा समक्ष जोरायल गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्गदर्शनका रूपमा लिइएका मुख्य नीतिगत तथा कानुनी आधारहरू प्रस्तुत गर्ने अनुमति चाहन्छुः

- नेपालको संविधान र यसले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
- जोरायल गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम,
- संघीय सरकारको चालु आवधिक योजनाले अङ्गीकार गरेका नीति, लक्ष्य तथा विकासका प्राथमिकताहरू,
- संघीय तथा सुदूरपश्चिम प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक, मौद्रिक तथा समष्टिगत वित्तीय नीतिहरू,
- जोरायल गाउँपालिकाको मध्यमकालीन खर्च संरचना र आवधिक योजनाले निर्दिष्ट गरेका प्राथमिकताहरू,
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीका सूचक एवं आधारहरू,
- विगतका आर्थिक वर्षहरूमा गाउँपालिकाले हासिल गरेका सिकाई, अधुरा योजनाहरूको निरन्तरता तथा नीतिगत अनुभवहरू,

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संघ-संस्थाहरूसँग भएका विकास सहकार्य र स्रोत साझेदारीका प्रतिबद्धताहरू,
- गाउँपालिकाको वास्तविक र सम्भाव्य आन्तरिक स्रोत, साधन एवं वित्तीय परिचालनको क्षमता।

**सभा अध्यक्ष महोदय,**

अब म यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयनको संक्षिप्त प्रगति समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

चालु आर्थिक वर्ष २०८२/०८३ का लागि चालु तर्फ रु. ४४ करोड ३३ लाख ३१ हजार र पुँजीगत तर्फ रु. १२ करोड ४२ लाख १९ हजार गरी कूल रु. ५६ करोड ७५ लाख ५० हजार विनियोजन भएको थियो।

हाल (मिति २०८३ असार ९ गतेसम्म) को प्रगति विवरण अनुसार चालु तर्फ रु. २९ करोड ६३ लाख ७ हजार खर्च भएको छ, जुन कूल चालु बजेटको ६६.८३ प्रतिशत हुन आउँछ। त्यसैगरी, पुँजीगत तर्फ रु. ७ करोड ४ लाख ९६ हजार खर्च प्रगति भएको छ, जुन कूल पुँजीगत बजेटको ५६.७५ प्रतिशत हो।

यस प्रकार चालु आर्थिक वर्षको यस अवधिसम्म समष्टिगत तर्फ कूल रु. ३६ करोड ६८ लाख ३ हजार खर्च भई कूल स्वीकृत बजेटको ६४.६२ प्रतिशत वित्तीय प्रगति हासिल भएको व्यहोरा सभा समक्ष अनुरोध गर्दछु।

**सभा अध्यक्ष महोदय,**

अब म यस गरिमामय सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमले अंगीकार गरेका मुख्य-मुख्य क्षेत्रगत प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छुः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने क्षेत्रमा लगानी,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा वृद्धि,
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि,
- महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ,
- पूर्वाधार विकास तथा ग्रामीण विद्युतीकरण,
- ऐतिहासिक स्थलहरूको संरक्षण तथा संवर्द्धन,
- स्थानीय लोक संस्कृति तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण,
- पर्यटन विकास,
- दिगो विकास, वातावरण संरक्षण र संवर्द्धन गर्न सघाउ,
- फोहोरमैला व्यवस्थापन र सार्वजनिक स्थलहरूको सरसफाइ,
- प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन।

**सभा अध्यक्ष महोदय,**

अब म यस सम्मानित सभा समक्ष जोरायल गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को कुल आय र विषयगत क्षेत्रहरूमा विनियोजन गरिएको अनुमानित आय-व्ययको विस्तृत विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय विवरणः**

(क) संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदानः रु २८ करोड ६४ लाख
(ख) प्रदेश सरकार शसर्त अनुदानः रु ५ करोड ९ लाख
(ग) संघीय सरकार समानिकरण अनुदानः रु १० करोड ८८ लाख
(घ) प्रदेश सरकार समानिकरण अनुदानः रु ९२ लाख २५ हजार
(ङ) संघीय सरकार राजश्व बाँडफाँडः रु ११ करोड ३५ लाख ३१ हजार
(च) प्रदेश सरकार राजश्व बाँडफाँडः रु ४० लाख ९३ हजार
(छ) संघीय सरकार समपुरक अनुदानः रु ४५ लाख
(ज) प्रदेश सरकार समपुरक अनुदानः रु ४३ लाख ७१ हजार
(झ) संघीय सरकार विशेष अनुदानः रु २ करोड ७० लाख
(ञ) प्रदेश सरकार विशेष अनुदानः रु ६६ लाख ५० हजार
(ट) स्थानीय राजश्व बाँडफाँडः रु २ लाख
(ठ) गाउँपालिकाको आन्तरिक राजश्वः रु ८५ लाख
(ड) चालु वर्षको नगद मौज्दात अनुमानः रु २ करोड

**कूल जम्मा अनुमानित बजेटः रु ६४ करोड ४१ लाख ७० हजार**

**आर्थिक वर्ष २०८३/०८४ को व्यय विवरणः**

(क) संघीय सरकारबाट हस्तान्तिरत शसर्त अनुदानः रु २८ करोड ६४ लाख
(ख) प्रदेश सरकार शसर्त अनुदानः रु ५ करोड ९ लाख
(ग) संघीय सरकार समपुरक अनुदानः रु ४५ लाख
(घ) प्रदेश सरकार समपुरक अनुदानः रु ४३ लाख ७१ हजार
(ङ) संघीय सरकार विशेष अनुदानः रु २ करोड ७० लाख
(च) प्रदेश सरकार विशेष अनुदानः रु ६६ लाख ५० हजार
(छ) संघीय समपुरक अनुदानमा पालिका साझेदारीः रु १९ लाख २९ हजार
(ज) प्रदेश समपुरक अनुदानमा पालिका साझेदारीः रु ४३ लाख ७१ हजार
(झ) पालिकास्तरीय चालु तथा पुँजीगत योजना तथा कार्यक्रमहरुः रु ६ करोड ६८ लाख ६५ हजार
(ञ) वडास्तरीय योजना तथा कार्यक्रमहरुः रु ३ करोड ४ लाख ४० हजार
(ट) विषयगत शाखाहरुको चालु तथा पुँजीगत कार्यक्रम खर्चः रु ५ करोड ६६ लाख ४४ हजार
(ठ) गाउँ कार्यपालिकाको प्रशासनिक खर्चः रु ९ करोड ४१ लाख
(ड) वडा कार्यालय तर्फ प्रशासनिक खर्चः रु ३० लाख
(ढ) गाउँ कार्यपालिकाको पुँजीगत खर्चः रु ७० लाख

**कूल जम्मा व्यय अनुमानः रु ६४ करोड ४१ लाख ७० हजार**

**सभा अध्यक्ष महोदय,**

यस प्रकार विनियोजित कुल बजेट मध्ये चालु तर्फ रु. ४८ करोड १८ लाख ९४ हजार र पुँजीगत तर्फ रु. १६ करोड २२ लाख ७६ हजार छुट्ट्याइएको छ। आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय-व्ययको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ।

**सभा अध्यक्ष महोदय,**
**तथा आदरणीय सभा सदस्य ज्यूहरू,**

अन्त्यमा, आगामी आर्थिक वर्ष २०८३/०८४ को यो बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा निरन्तर मार्गदर्शन र अमूल्य सुझाव प्रदान गर्नुहुने आदरणीय गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँ कार्यपालिकाका आदरणीय सदस्य ज्यूहरू, विषयगत समितिका पदाधिकारी ज्यूहरू, सम्पूर्ण वडा समितिहरू, र यस कार्यलाई प्राविधिक एवं प्रशासनिक रूपमा सफल बनाउन अहोरात्र खटिनुहुने राष्ट्रसेवक कर्मचारीहरू प्रति हार्दिक सम्मान एवं कृतज्ञता सहित धन्यवाद आभार व्यक्त गर्दछु।

साथै, विकासको साझा यात्रामा सहकार्य गर्ने राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी र सम्पूर्ण विकास साझेदार संस्थाहरू प्रति धन्यवाद ज्ञापन गर्दछौं।

देश तथा विदेशमा रहनुभएका सम्पूर्ण आदरणीय जोरायलवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूलाई हाम्रो प्यारो जोरायलको सन्तुलित विकास र प्रत्येक जोरायली नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने यस महाअभियानमा एकजुट भई सहकार्य गर्न म हार्दिक अपिल गर्दछु।

**धन्यवाद, जय जोरायल !**

जमुना कुमारी बोहरा
उपाध्यक्ष
जोरायल गाउँपालिका डोटी ।